यस व्यास नगरपालिकाको १६५ औं बैठक आज मिति २०८०/२/७ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| नगर उपप्रमुख | श्री इन्दिरा दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री रमेशचन्द्र हड्खले | उपस्थिति |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ उ | पस्थिति |
| वडाध्यक्ष वडा नं.३ | श्री अनुप राना | उपस्थिति |
| वडाध्यक्ष वडा नं.४ | श्री मनबहादुर गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री जीवन गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री युवराज गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री खेमराज पोखेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री दलबहादुर दुरा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री बमबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री बसन्तबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री किस्ना दुरा गुरुङ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री निला घिमिरे | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री रनसिं नेपाली | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री कमलादेवी घर्ती | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री गंगालाल सुवेदी | उपस्थित |
| अधिकृत सातौं | श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: २०८०/२/२१ को कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: आ.व.२०८०/०८१ को आय श्रोत अनुमान सम्बन्धमा ।
प्रस्ताव नं.३: आ.व.२०८०/०८१ का लागि वडागत बजेट कार्यक्रमको मापदण्ड सम्बन्धमा ।
प्रस्ताव नं.४: कार्यपालिका सदस्यहरुलाई बजेट तयारीमा सहजीकरण गर्न क्षेत्र तोक्ने सम्बन्धमा ।
प्रस्ताव नं.५: सार्वजनिक समारोह व्यवस्थापन कार्यविधि, २०८० सम्बन्धमा ।
प्रस्ताव नं.६: महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन कार्यविधि, २०८० सम्बन्धमा ।
प्रस्ताव नं.७: नगरपालिकाका जनप्रतिनिधिहरुको दैनिक गतिविधिको अभिलेख राख्ने सम्बन्धमा ।
प्रस्ताव नं.८: हावाहुरी, असिनापानी लगायतले सृजना गरेको विपद् सम्बन्धमा ।
प्रस्ताव नं.९: व्यास ९ बसाहास्थान मा.वि.लाई आवासीय सुविधा सहित विद्यार्थी भर्ना अनुमति दिने सम्बन्धमा ।
प्रस्ताव नं.१०: व्यास नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता घोषणा गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.११: इन्दु माध्यमिक विद्यालयमा तला थप सम्बन्धमा ।
प्रस्ताव नं.१२: बोलपत्र स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं.१३: जिल्ला समन्वय समितिसँग सञ्चित कोषको रकम भुक्तानी माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१४: जिल्ला समन्वय समितिसँग सञ्चित कोषबाट रकम माग सम्बन्धमा ।
प्रस्ताव नं.१५: कर्मचारीको आचरण सम्बन्धमा ।
प्रस्ताव नं.१६: बैंक तथा वित्तीय संस्थालाई ध्यानाकर्षण सम्बन्धमा ।
प्रस्ताव नं.१७: शिक्षक सरुवा सम्बन्धमा ।
प्रस्ताव नं.१८: खर्च अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.१९: धानबाली प्रवर्द्धन कार्यक्रममा प्राप्त आवेदन छनौट सम्बन्धमा ।
प्रस्ताव नं.२०: विपद्जन्य र अत्यावश्यक बजेट विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.२१: विद्यालय कक्षा व्यवस्थापन बारे ।
प्रस्ताव नं.२२: नारेश्वर तालको प्रमाणित क्षेत्रमा रुख हटाउने सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८०/१/२१ गते भएको कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पेश गरेको विवरणको आधारमा नगरको श्रोतको अनुमान तपसिल बमोजिम रहेको जानकारी प्राप्त भयो ।

| सि.नं. | विवरण | अनुमानित रू. |
|---|---|---|
| १. | संघबाट प्राप्त अनुदान | |
| (क) | न्यूनतम वित्तीय समानीकरण | ४,५०,००,०००/- |
| (ख) | कार्य सम्पादनमा आधारित | ४९,००,०००/- |
| (ग) | सुत्रमा आधारित | १३,००,००,०००/- |
| (घ) | राजश्व बाँडफाँडबाट | १५,४१,३२,०००/- |
| | **जम्मा :** | **३३,४०,३२,०००/-** |
| २. | प्रदेशबाट | |
| (क) | वित्तीय समानीकरण | २,६०,६८,०००/- |
| (ख) | सवारी कर बाँडफाँडबाट | २,३३,०१,०००/- |
| | **जम्मा :** | **४,९३,६९०००/-** |
| ३. | आन्तरिक राजश्वबाट संकलित हुन सक्ने | १७,०३,०४,०००/- |
| ४. | मालपोतबाट प्राप्त हुने रजिष्ट्रेशन दस्तुर | ५,००,००,०००/- |
| ५. | सडक बोर्ड नेपालबाट प्राप्त हुने | १,५०,००,०००/- |
| **जम्मा आयमा अनुमानित** | | **६१,८७,०५,०००/-** |

उल्लेखित अनुमान नगरपालिका सञ्चित कोषमा जम्मा हुन सक्ने हुँदा सो अनुमानको अतिरिक्त संघ, प्रदेश सरकारबाट प्राप्त हुने सशर्त बजेट, समपुरक र विशेष बजेट, नगर विकास कोषबाट प्राप्त हुने ऋण सहयोग आ.व. २०७९/०८० को अन्तमा रहने सञ्चित रकम र विविध अन्य आय वार्षिक बजेटमा समावेश हुने छन्। सामाजिक सुरक्षा भत्तालाई न.पा.को बजेटमा समवेश गरिने छैन।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा श्रोत अनुमान तथा सिमा निर्धारण समितिको सिफारिसका आधारमा यस वर्ष प्राप्त हुने आय र क्रमागत योजनाहरुको दायित्व समेतलाई मूल्याङ्कन गरी नगरपालिकाका प्रत्येक वडालाई रू.१,००,००,०००। (एक करोड) बजेट सिमा तोक्ने निर्णय निर्णय गरियो। २०८० जेष्ठ १० गतेदेखि २० गतेसम्म वस्तीस्तरमा छलफल गरी वडा समितिबाट २०८०/२/२५ गतेभित्र समान्यतः निम्न मापदण्डलाई आधारमानी बजेट कार्यक्रम प्रस्तावित गर्ने निर्णय गरियो। वडागत वस्तुस्थितिको मूल्याङ्कन गरी मापदण्डमा संशोधन गर्न आवश्यक देखिएमा सम्बन्धित वडा समितिको निर्णयानुसार प्रस्ताव पेश गर्न समेत वडा समितिलाई निर्देशन दिने निर्णय गरियो।

## आर्थिक वर्ष २०८०/०८१ मा वडागत बजेट कार्यक्रम तयारी "मापदण्ड २०८०"

१. व्यास नगर कार्यालयको निर्णयानुसार आ.व.२०८०।०८१ का लागि नगरपालिका अन्तर्गतका सबै वडाहरुलाई एक, एक करोडका दरले बजेट सीमा निर्धारण गरिएको छ।

२. वडालाई प्राप्त एक करोड सीमा भित्र रहेर सामान्यतः निम्न आधारमा कार्यक्रम तर्जुमा गर्नु पर्नेछ।
   (क) वडागत चालु कार्यक्रमतर्फ रु.२०,००,०००। (बिस लाख)
   (ख) वडागत पूँजीगत कार्यक्रम तर्फ रु.८०,००,०००। (असी लाख)

३. चालु खर्चतर्फको बजेटमा सामान्यतः निम्न शीर्षकहरुमा निम्न आधारमा बजेट विनियोजन गर्नु पर्नेछः
   (क) विपद् व्यवस्थापन रु.७,००,०००। (सात लाख)
   (ख) महिला, युवा, सिप विकास रु.४,००,०००। (चार लाख)
   (ग) वडा अन्तर्गतको बाटो, नाला सफाई रु.३,००,०००। (तीन लाख)
   (घ) सामाजिक संघ, संस्था समन्वय रु.२,००,०००। (दुई लाख)
   (ङ) वडागत धार्मिक, संस्कृति प्रवर्द्धन रु.२,००,०००। (दुई लाख)
   (च) वडागत खेलकुद व्यवस्थापन रु.२,००,०००। (दुई लाख)

४. पूँजीगत कार्यक्रम अन्तर्गत सामान्यतः निम्न आधारमा बजेट विनियोजन गर्नु पर्नेछ :
   (क) न्यूनतम रु.१०,००,०००। (दश लाख) का कम्तिमा २ वटा योजना
   (ख) न्यूनतम रु.५,००,०००। (पाँच लाख) का कम्तिमा ३ वटा योजना
   (ग) न्यूनतम रु.१,००,०००। (एक लाख) भन्दा माथिका बढीमा २५ वटा योजना

   **यसरी पूँजीगततर्फ बढीमा ३० वटा योजना तथा कार्यक्रम रहने छन्।**

५. आ.व.२०७९।०८० मा लेखिएका कार्यक्रमहरु सम्झौता हुन बाँकी र सम्झौता भएरपनि सञ्चालनमा नरहेमा त्यस्ता कार्यक्रमहरुलाई औचित्य र आवश्यकता हेरी बजेट कार्यक्रममा राख्ने नराख्ने निर्णय स्वयं वडा समितिले गर्नेछ।

६. आ.व.२०९०।०९१ का लागि क्रमागत योजनामा सम्झौता भएर कार्य सम्पन्न हुन बाँकीलाई मात्र समावेश गरिने छ, सम्झौता नभएका र सम्झौता भएर पनि सञ्चालन हुन नसकेका वा नभएका योजनाहरुलाई क्रमागत योजनामा समावेश गरिने छैन।

७. हरेक वडाले आफ्नो वडालाई ४ वटा क्षेत्र (Cluster) मा विभाजित गरी वस्तीस्तरमा छलफल गरी प्राप्त सुझावहरुलाई संकलन गरी वडा समितिको बैठकबाट निर्णय गरेर मात्र बजेट कार्यक्रम नगरपालिकामा पेश गर्नु पर्नेछ ।

८. बजेट कार्यक्रम निर्धारण गर्दा खानेपानी, कृषि, सिंचाई, शिक्षा, पर्यटन क्षेत्रको पूर्वाधारमा लैंगिक बजेट निर्माणको आधारलाई समेत ध्यान दिई प्राथमिकतामा राख्नु पर्नेछ ।

९. कार्यक्रम तयार गर्दा दीगो विकासका लक्ष्यहरुलाई सहयोग पुग्ने, रोजगारी लगायत आय बृद्धिमा ध्यान दिनु पर्नेछ ।

१०. नगर, प्रदेश र संघ सरकारबाट सम्बोधन गरिने योजनाका लागि हरेक वडाले प्राथमिकता तोकी बढीमा ५/५ वटा योजना प्रस्ताव गर्नु पर्नेछ ।

११. यस वर्ष आर्थिक मन्दी समेतका कारणले आय घट्ने हुँदा र क्रमागत योजनाहरुको भुक्तानीलाई प्राथमिकतामा राख्नु पर्ने हुँदा अपेक्षित योजनाहरु समेट्न नसकिने भएकोले प्राथमिकता निर्धारण गरी बजेट कार्यक्रम तर्जुमा गर्नु पर्ने अवस्थालाई वडाका सरोकारवालाहरुलाई समेत जानकारी गराउनु पर्नेछ ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा वडागत बजेट कार्यक्रममा सहजीकरण गर्नका लागि सम्बन्धित वडाबाट निर्वाचित कार्यपालिका सदस्यले आ-आफ्नै वडामा बजेट कार्यक्रम निर्माणमा सहजीकरण गर्ने र समावेशी आधारमा निर्वाचित निम्न सदस्यहरुलाई निम्न वडाको सहजीकरण गर्न तोक्ने निर्णय गरियो ।

(क) श्री चन्द्रमाया परियार– वडा नं.१ देखि ५ सम्म
(ख) श्री चेतबहादुर दरै – वडा नं.६ देखि १० सम्म
(ग) श्री रनसिंह नेपाली – वडा नं.११ देखि १४ सम्म

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत सञ्चालन हुने सार्वजनिक समारोहलाई व्यवस्थित गर्न "सार्वजनिक समारोह सञ्चालन कार्यविधि, २०८०" पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि प्रोत्साहित गर्ने उद्देश्यले "महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन कार्यविधि, २०८०" पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका सबै जनप्रतिनिधिहरुको नागरिक सरोकारका विषयमा सहभागिता एवं वडा, पालिका गतिविधिहरुमा संलग्न भएको दैनिक अभिलेख राख्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा हालसालै आएको हावाहुरी असिना-पानीका कारणले नगरपालिकाका विभिन्न वडाका विभिन्न स्थानमा घर-घन्सार, खेती, बालीमा विपद परेको जानकारीमा आएकाले ७ दिनभित्र आ-आफ्नो वडाको विवरण संकलन गरी वडा विपद समितिबाट निर्णय गराई नगरपालिका विपद उपशाखामा पेश गर्न सबै वडा समितिलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. ९ बसाहास्थानमा रहेको बसाहास्थान मा.वि.लाई कक्षा ६, ७, ८, ९, १० मा हाललाई विद्यालयकै श्रोतबाट आवासीय विद्यालय सञ्चालन गर्न स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाका सबै वडाहरु र नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता घोषणा गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत व्यास नगरपालिका वडा नं.६ को ईन्दु माध्यमिक विद्यालयलाई २ कोठे भवन कार्यक्रम परेकोमा जग्गा अभाव भई जमिनमा भवन बनाउन समस्या भएकाले उक्त विद्यालयमा रहेको RCC भवनको छतमा निर्माण गर्न अनुमतीका लागि विद्यालयबाट अनुरोध भई आएकाले उक्त विद्यालयको RCC भवनमा प्राविधिक प्रतिवेदन लिई छतमा ट्रस थप गर्न मिल्ने अवस्था देखिएमा ट्रस थप गर्न अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा चालु आर्थिक वर्ष २०७९।०८० संचालन हुने गरी तपशिलमा उल्लेखित निर्माण/खरिद कार्यको लागि बोलपत्र आब्हान गरिएकोमा दर्ता हुन आएका विभिन्न फर्मका बोलपत्र र दरभाउपत्रहरु मध्ये मूल्यांकन समितिको सिफारिसमा तपशिलमा उल्लेखित फर्महरुको बोलपत्र स्वीकृत गरी निर्माण/खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

<u>तपशिल</u>

| सि. नं | ठेक्का नं | फर्मको नाम र ठेगाना | कार्यको विवरण | कबोल अंक (मु.अ.क. वाहेक) |
|---|---|---|---|---|
| १ | नं.०५/Goods/vyasmun/२०७९।०८० | श्री मुस्ताङ जि.आई.वायर इण्डस्टीज एण्ड सप्लायर्स प्रा.लि. कास्की | तारजाली खरिद योजना | रु.२५,२१,४४०।०० |
| २ | १६/Works/vyasmun/२०७९।०८० | श्री अकलादेवी कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि शुक्लगण्डकी तनह | बेल्टारी सुन्धारा मोटर मार्ग कालोपत्रे तथा पक्की नाला निर्माण योजना | रु.१५,३८,९९८।०० |
| ३ | नं.०६/Goods/vyasmun/२०७९।०८० | श्री सिद्धिविनायक स्ट्रील प्रा.लि. सिद्धार्थ नगर १२ रुपन्देही | विद्युत पोल खरिद | रु.१९,९८,९३०।४५ |

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा जिल्ला समन्वय समितिको मौज्जात कोषमा संचालित तपशिलमा उल्लेखित योजनाको निर्माण कार्य सम्पन्न भएको हुंदा भुक्तानी मागको लागि आवश्यक कागजात सहित जिल्ला समन्वय समिति तनहुंमा पठाउने निर्णय गरियो ।

<u>तपशिल</u>

| सि.नं | कार्यको विवरण |
|---|---|
| १ | वडा कार्यालय भवन निर्माण, व्यास १ |
| २ | वडा कार्यालय भवन, व्यास ९ |
| ३ | रानीगाउँ डिपबोरिङ खानेपानी योजना, व्यास ११ |
| ४ | सत्रसय खानेपानी योजना, व्यास ७ |
| ५ | श्रीचौर खानेपानी योजना, व्यास ७ |
| ६ | सिमलटार नरंगा बिफे खानेपानी योजना, व्यास ७ |
| ७ | वडा कार्यालय भवन, व्यास १४ |

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा जिल्ला समन्वय समितिको मौज्जात कोष र व्यास नगरपालिकाको लागतमा सञ्चालन हुने गरी तपशिलमा उल्लेखित योजनाहरुको प्रस्ताव माग गरी जिल्ला समन्वय समिति तनहुँमा पठाउने निर्णय गरियो ।

तपशिल

| सि.नं | कार्यको विवरण | लागत अनुमान |
|---|---|---|
| १. | चन्द्रोदय सामुदायिक भवन (वडा कार्यालय भवन व्यास ६) निर्माण | रु.७८,४१,०७४।०१ |
| २. | पाटन घुटुक्दी खानेपानी योजना, व्यास ५ | रु.२२,८०,०९३।२० |

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. ८ मा कार्यरत वडा सचिव श्री गोविन्दराज मिश्रले प्रचलित कानुनको कर्मचारी सम्बन्धी आचरणको पटक-पटक उल्लंघन गरेको पाईएकाले नसिहत रुवरुप हाललाई वडा सचिवको जिम्मेवारीबाट हटाई नगरपालिका मुल कार्यालयमा दैनिक हाजिरी रहने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं. १६ का सम्बन्धमा छलफल हुँदा "स्वदेशमै कृषि उद्यम गरौं र कृषि उत्पादनमा राष्ट्रलाई आत्मनिर्भर बनाऔं" भन्ने राष्ट्रिय भावनाबाट अभिप्रेरित भई व्यास न.पा. भित्र विभिन्न कृषि तथा पशुपंक्षीजन्य व्यवसाय गर्दै आउनु भएका व्यवसायिक कृषकहरु, बैंक तथा वित्तिय संस्थाहरु र अन्य सरोकारवाला निकायहरु बीच यस न.पा.को समन्वय तथा सहजीकरणमा विभिन्न मितिमा भएका भेला, बैठक र अन्तरक्रियाबाट कोभिड महामारी, आर्थिक मन्दी र बैकिङ्ग समस्याको चपेटामा परी व्यवसायिक कृषकहरुको स्थिति अत्यन्त दयनीय बन्दै गएको, कृषि फार्महरु रित्तिदै बन्द हुदै गएको र कृषहरुद्वारा ऋण तिर्न नसकी आत्महत्याको श्रृङ्खला बढ्दै गएको विकराल विद्यमान मानवीय अवस्थालाई मध्यनजर गर्दै सरकारद्वारा आफ्ना नागरिकको जिउधनको संरक्षण गर्नुपर्ने अभिभावकीय कर्तव्य र जिम्मेवारीको पालना गर्दै व्यवसायिक कृषि र कृषकलाई बचाउन चालु वित्तिय तथा मौद्रिक नीतिको व्यवस्था र सुविधा बमोजिम कृषकको साविक बैंक कर्जालाई कृषकको आवश्यकता अनुसार अनिवार्य पुर्नकर्जा, पुनर्तालिकिकरण र पुनसंरचनाको सुविधा प्रदान गरिदिनु हुन बैंक तथा वित्तिय संस्थालाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्र रिक्त शिक्षक दरबन्दी, विद्यालय दरबन्दी एवं विषय मिलान लगायतलाई मध्यनजर गरी सम्बन्धित शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र वडा अध्यक्ष समेतसँग समन्वय गरी शिक्षक दरबन्दी मिलान एवं सरुवा प्रकृयालाई कार्यविधि अनुसार निरन्तरता दिन सम्बन्धित समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा आ.व.२०७९/०८० मा पूँजिगत "विविध फुटकर योजना ९३५" अन्तर्गत गरिएका निर्णयहरुको भुक्तानी गर्न बजेट अपुग हुन गएकोले सो अन्तर्गत भएका कार्यहरुको नपुग भुक्तानी तपसिलमा उल्लेखित चालु आ.व. २०७९/०८० मा वडा नं. २ अन्तर्गतको बजेट शिर्षक नं. ४०० विविध कार्यक्रमबाट सञ्चालित योजना तथा कार्यक्रमहरुको बजेट विविध शिर्षकमा राखी भुक्तानी गर्ने र आगामी नगरसभाबाट अनुमोदन हुने गरी पेश गर्ने निर्णय गरियो ।

| क.सं. | योजनाको नाम | विनियोजित बजेट | खर्च हुने रकम |
|---|---|---|---|
| १. | श्रीटोल चोकमा र मालपोत कार्यालयको आडमा सार्वजनिक धारा निर्माण र सडकबत्ती व्यवस्थापन- ४०० | १५,००,०००/- | १५,००,०००/- |

**निर्णय नं.१९ :** प्रस्ताव नं. १९ का सम्बन्धमा छलफल हुँदा धानबाली प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि व्यास नगरपालिका वडा नं.६, ७ र ९ बाट देहाय बमोजिमका कृषक समूह/सहकारीहरुको प्राप्त आवेदनहरु माथि आर्थिक विकास समितिले प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ तथा स्थालगत अनुगमनको आधारमा मूल्यांकन पश्चात छनौट गरी अनुमोदन गर्ने निर्णय गरियो ।

धानबाली प्रवर्द्धनमा छनोट भएका कृषक समूह र सहकारी र सञ्चालन हुने कार्यक्रमहरुको विवरण

खर्च शीर्षक : २९६ धानबाली प्रवर्द्धन कार्यक्रम, विनियोजित बजेट रु.२५,००,०००।

| क्र.सं. | समुह सहकारीको नाम | ठेगाना | क्रियाकलापहरुको विवरण | अनुदान रकम |
|---|---|---|---|---|
| १ | सेरा कृषक समुह | व्यास ७ | धानको उन्नत बीउ (५०% अनुदान) | बढीमा रु.३५,०००। |
| | | | सानाा सिँचाई (८५% अनुदान)<br>क) साझबोटे तल्लो कुलो निर्माण<br>ख) साझबोटे माथिल्लो कुलो निर्माण<br>ग) सेरा माथिल्लो कुलो निर्माण<br>घ) सेरा तल्लो कुलो निर्माण "क"<br>ङ) सेरा तल्लो कुलो निर्माण "ख" | प्रति सिंचाई स्किम बढीमा रु.७५,०००। |
| | | | कम्बाइन मिल (२ थान) (५०% अनुदान) | प्रति थान बढिमा रु.२५,०००। |
| २ | पाथ्राघाट कृषक समूह | व्यास ७ | धानको उन्नत बीउ (५०% अनुदान) | बढीमा रु.३५,०००। |
| | | | कम्बाइन मिल (१ थान) (५०% अनुदान) | प्रति थान बढिमा रु.२५,०००। |
| ३ | पोखरीडाँडा कृषक समूह | व्यास ९ | कम्बाइन मिल (१ थान) (५०% अनुदान) | प्रतिथान बढिमा रु.२५०००। |
| | | | साना सिँचाई (४ वटा) (८५% अनुदान)<br>क) पिप्ले कुलो मर्मत<br>ख) उपल्लो ग्लयालिन गैरो कुलो मर्मत<br>ग) सिम्ले सुनखोल्सी कुलो मर्मत<br>घ) धुरपुरे कुलो निर्माण | प्रति सिँचाइ स्किम बढीमा रु.७५,०००। |
| | | | हाते ट्रयाक्टर (१ थान) (५०% अनुदान) | प्रति थान बढिमा रु.३०,०००। |
| ४ | न्यू अभियान कृषि सहकारी संस्था लि. | व्यास ६ | धानको उन्नत बीउ (५०% अनुदान) | बढिमा रु.७०,०००। |
| | | | साना सिँचाई (२ वटा) (८५% अनुदान)<br>क) पाट्ने माथिल्लो कुलो निर्माण<br>ख) पाट्ने तल्लो कुलो निर्माण | प्रति सिँचाइ स्किम बढीमा रु.७५,०००। |
| | | | हाते ट्रयाक्टर (५ थान) (५०% अनुदान) | प्रति थान बढिमा रु.३०,०००। |
| | | | कम्बाइनमिल(१ थान) (५०% अनुदान) | प्रति थान बढिमा रु.२५,०००। |
| ५ | मध्य माझफाँट कृषक समूह | व्यास ९ | धानको उन्नत बीउ (५०% अनुदान) | बढिमा रु.१०,०००। |
| | | | हाते ट्रयाक्टर(१ थान) (५०% अनुदान) | प्रति थान बढिमा रु.३०,०००। |
| | | | कम्बाइन मिल (१ थान) (५०% अनुदान) | प्रति थान बढिमा रु.३०,०००। |
| | | | साना सिंचाई (४ वटा) (८५% अनुदान)<br>क) चिन्ते खेत माथिल्लो कुलो निर्माण<br>ख) चिन्ते खेत तल्लो कुलो निर्माण<br>ग) बेल खोला डिही कुलो<br>घ) घ्यावा खेत कुलो मर्मत<br>ङ) तमौरे खेत कुलो मर्मत | प्रति सिँचाई स्किम बढीमा रु.७५,०००। |

**निर्णय नं.२० :** प्रस्ताव नं. २० का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरु तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | मिलीजुली योगसाधना केन्द्र | १ | ७४,०००/- | ६५ |
| २. | अम्रेनी खानेपानी बोरिङको वैकल्पिक व्यवस्थापन | १ | १,००,०००/- | ९२३ |
| ३. | नेपाल निजामती कर्मचारी संगठन, सहयोग | ३ | २५,०००/- | ६२ |
| ४. | विरता टोल शहरी सडक बिस्तार, पोल स्थानान्तरण | ४ | १,५५,०००/- | ९२१ |
| ५. | चुदेर हाडिगाउँ खानेपानी योजना मोटर खरिद | ५ | २,२०,०००/- | विपद् |
| ६. | सौजा गलाफु खानेपानी मोटर (चट्याङ्ग) खरिद | ६ | १,३०,०००/- | विपद् |
| ७. | मनबहादुर दरै, घर संरक्षण | ७ | ५०,०००/- | विपद् |
| ८. | गाडापानी खानेपानी पाइप खरिद | ८ | ३१,०००/- | ९२३ |
| ९. | पाल्पाली थोक खानेपानी योजना (दुर्गा घिमिरे) | ११ | २४,०००/- | ९२३ |
| १०. | शेराटोल विकास खानेपानी पाइप खरिद | ११ | १८,०००/- | ९२३ |
| ११. | जागृती महिला समूह भवन पाइप खरिद | १२ | २०,०००/- | ९२३ |
| १२. | सिमलश्वाँरा खानेपानी पाइप खरिद (चन्द्रा पन्थ) | १२ | २०,५००/- | ९२३ |
| १३. | सिमलश्वाँरा खानेपानी मोटर खरिद | १२ | १,४०,०००/- | विपद् |
| १४. | सिमलश्वाँरा खानेपानी पाइप खरिद | १२ | १२,०००/- | ९२३ |
| १५. | छिर्कने जौबारी मोटर मार्ग मर्मत | १२ | २,००,०००/- | विपद् |
| १६. | सिमलथोक बाटो मर्मत | १२ | २,००,०००/- | विपद् |
| १७. | देउलीधारा इन्टेक र पाइप मर्मत समेत | १३ | १,००,०००/- | ९२३ |
| १८. | पोखरीभञ्ज्याङ्ग सिद्धकालिका मन्दिर (डडेलो) पाइप | १३ | ७,०००/- | विपद् |
| १९. | दमौली केशवटार मार्ग निर्माणाधीन हुँदा वैकल्पिक मार्ग मर्मत | १३ | २,००,०००/- | |
| | जम्मा : | | १७,२६,५००/- | |

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१३ स्थित सितला प्रा.वि. र वडा नं.१४ को केशवटार प्रा.वि.मा विद्यार्थी संख्या ज्यादै कम भएकाले उक्त विद्यालयहरुमा बालविकास कक्षा मात्र पठनपाठन कायम गरी अरु कक्षाहरुलाई नजिकका अरु विद्यालयमा व्यवस्थापन गर्ने कक्षा व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा व्यास १० मा निर्माणाधीन नारेश्वर ताल निर्माण गर्दा केही रूखहरु हटाउन सामुदायिक वनबाट सिफारिस भई आएकोमा हाललाई उक्त रूखहरु हटाउन आवश्यक नदेखिएकाले तालको बाँध निर्माण प्रकृया अघि बढाउन प्रदेश सिँचाई कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।